# नेपाल स्वास्थ्य पूर्वाधार विकास मापदण्ड
# २०७४

नेपाल सरकार मन्त्रिपरिषद् द्वारा मिति २०७४।१।२१ मा स्वीकृत


**नेपाल सरकार**

**स्वास्थ्य मन्त्रालय**

**रामशाह पथ, काठमाडौं**

नेपाल सरकार
# स्वास्थ्य मन्त्रालय

४२६२९८७
४२६२५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२

प.सं. ०७४/७५

रामशाह पथ, काठमाडौं, नेपाल ।

मिति – २०७४।१।२४

**विषय - मन्तव्य**



नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकका रूपमा परिभाषित गरेको छ । यस अनुरूप नागरिकलाई स्वास्थ्य सेवा सम्वन्धी सम्पूर्ण सेवाहरू सुलभ र प्रभावकारी रूपमा प्राप्त हुने गरी ब्यवस्था गर्ने दायित्व स्वास्थ्य मन्त्रालयमा छ । संविधानको मूल मर्मलाई सम्बोधन गर्दै राष्ट्रिय स्वास्थ्य नीति, २०७१ तथा नेपाल स्वास्थ्य क्षेत्र रणनीति सन् २०१५-२०२० ले स्वास्थ्य सेवाको गुणस्तरमा तथा नागरिकको पहुँचका विषयमा विशेष जोड दिएको छ । साथै दीगो विकास लक्ष्य अनुरुप सबै उमेर समूहका नागरिकको स्वस्थ जीवन र स्वास्थ्य प्रवर्द्धनको सुनिश्चितताको लागि यस क्षेत्रको विकासमा विशेष प्राथमिकता दिनु अपरिहार्य छ।

देश संघीयतामा रूपान्तरण हुने प्रक्रियामा रहेकोले स्वास्थ्य सेवा प्रणाली तथा संरचनाहरुलाई तद् अनुरूप संघीय ढाँचामा ढाल्न विद्यमान स्वास्थ्य सेवा प्रणालीमा पनि परिमार्जन हुनु आवश्यक देखिएको छ ।संविधानको भावनालाई मूर्तरूप दिन नेपालका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाहरुमा प्रभावकारीता र चुस्तता ल्याउन सेवा, जनशक्तिको उपलब्धता एवं क्षमता, भौतिक पूर्वाधार, औषधी तथा औजार उपकरणको उपलब्धताको एकिकृत विकास र विस्तार अपरिहार्य देखी यस मन्त्रालयले यस "एकिकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड" र यस सँग सम्बन्धित निर्देशिका तथा अनुसूचीहरू समावेश गरी यो पुस्तक प्रकाशन गरेको हो । यसले स्वास्थ्य क्षेत्रको विकासका लागि आवश्यक कार्य दिशा प्रदान गर्नेछ र संघीय संरचनामा अघि बढ्न नीतिगत स्पष्टता दिने अपेक्षा लिइएको छ ।

यस पुस्तक तयार गर्न अथक प्रयास गर्नु भएका स्वास्थ्य मन्त्रालय तथा मातहतका निकायहरूका पदाधिकारीहरू, सहरी विकास तथा भवन निर्माण विभागका पदाधिकारीहरू, स्वास्थ्य मन्त्रीका प्राविधिक सल्लाहकारहरू तथा नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रमका विज्ञहरू प्रति हार्दिक आभार ब्यक्त गर्दछु ।

अन्तमा यस मापदण्ड र निर्देशिकाहरूको प्रभावकारी कार्यान्वयन भई देशका जनताहरूले चाहेको विकास र परिवर्तनको आभाष जनतालाई दिन सरकार सक्षम होस् भन्ने कामना गर्दछु ।

(गगन कुमार थापा)
मन्त्री

नेपाल सरकार

# स्वास्थ्य मन्त्रालय

४२६२९८७
४२६२५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२

प.सं. ०७४/७५

रामशाह पथ, काठमाडौं, नेपाल ।


मिति – २०७४।१।२४

**विषय - मन्तव्य**



स्वास्थ्य मन्त्रालयले नेपालको स्वास्थ्य क्षेत्रका सम्पूर्ण विषयवस्तुहरूमा नियमनकारी एवं सेवा प्रदायकका जिम्मेवारी लिंदै आएको छ । यस अन्तर्गतका महाशाखाहरू, विभागहरू, केन्द्रीयस्तरका अस्पताल तथा केन्द्रहरू, क्षेत्रीय स्तरका निर्देशनालय तथा निकायहरू, जिल्ला तथा स्थानीयस्तरका कार्यालय, अस्पताल, स्वास्थ्य चौकीहरू लगायत विभिन्न परिषद्हरू, स्थानीय निकायहरूको संयुक्त प्रयत्नबाट यी सेवाहरू सञ्चालन भइरहेको छ । नेपालको संविधान, राष्ट्रिय स्वास्थ्य नीति एवं अन्तर्राष्ट्रिय सन्धी सम्झौता द्वारा निर्देशित सूचाङ्कहरू तथा लक्ष हासिल गर्न विभिन्न कार्यक्रमहरू सञ्चालित छन् । यी प्रयत्नहरू मार्फत स्वास्थ्य सेवाको गुणस्तरमा तथा नागरिकको पहुँचका विषयमा उल्लेखनीय सुधारहरू ल्याउन सफल भएको छ । देशका सबै उमेर समूहका नागरिकको स्वस्थ जीवन र स्वास्थ्य प्रवर्द्धनको सुनिश्चितताको लागि स्वास्थ्य मन्त्रालय हरहमेशा कटिवद्ध छ ।

यस मन्त्रालयका माथि उल्लिखित जिम्मेवारीहरू प्रभावकारी तथा चुस्त ढंगबाट पुरा गर्न भौतिक पूर्वाधारहरूको महत्त्वपूर्ण हात हुन्छ । विगत एक दशक देखिको अथक प्रयासमा स्वास्थ्य सेवाका लागि भौतिक पूर्वाधारहरूमा केहि सुधार आएको छ । यद्यपि ठूलो संख्यामा स्वास्थ्य सम्वन्धी भौतिक पूर्वाधारहरू निर्माण, स्तरोन्नति तथा मर्मत सम्भारको पर्खाईमा छ । यस अलावा देश संघीयतामा रूपान्तरण भए सकेको अवस्थामा सोहि अनुरूप स्वास्थ्य सेवा प्रणाली तथा संरचनाहरुलाई तद् अनुरूपको नै ढाँचामा ढाल्न यो मापदण्ड र निर्देशिका तयार गरिएको हो । संविधानको भावना, जनताको अपेक्षा र वर्तमानको मागलाई सम्वोधन गर्न स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने सेवाहरूमा प्रभावकारीता र चुस्तता जरूरी भएको छ । यसका लागि जनशक्तिको उपलब्धता एवं क्षमता, भौतिक पूर्वाधार, औषधी तथा औजार उपकरणको उपलब्धताको एकिकृत विकास र विस्तार अपरिहार्य देखी यस मन्त्रालयले यस ‘एकिकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड’ र यस सँग सम्बन्धित निर्देशिका तथा अनुसूचीहरू समावेश गरी यो पुस्तक प्रकाशन गरेको हो ।

यस पुस्तक तयार गर्न अथक प्रयास गर्नु भएका यस मन्त्रालय तथा मातहतका निकायहरू, सहरी विकास तथा भवन निर्माण विभाग तथा संलग्न सबै विज्ञहरू प्रति हार्दिक आभार ब्यक्त गर्दछु । यस मापदण्ड र निर्देशिकाहरूको प्रभावकारी कार्यान्वयन भई स्वास्थ्य सेवा सम्वन्धी भौतिक पूर्वाधारका सम्वन्धमा नीतिगत स्पष्टता आउने र तद् अनुरूप भौतिक पूर्वाधार विकासमा गति प्राप्त हुने अपेक्षा लिएको छु । पर्याप्त, सुरक्षित तथा प्रभावकारी भौतिक संरचनाको विकास भई जनताले पाउनु पर्ने स्वास्थ्य सेवा छरिटो, सहज र सुलभ होस् भन्ने कामना गर्दछु ।

डा. किरण रेग्मी
निमित्त सचिव

नेपाल सरकार

# स्वास्थ्य मन्त्रालय

४२६२९८७
४२६२५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२

प.सं. ०७४/७५

रामशाह पथ, काठमाडौं, नेपाल ।


मिति – २०७४।१।२४

**विषय - मन्तव्य**



नेपालको संविधान, राष्टिय स्वास्थ्य नीति तथा रणनीतिहरूले प्रदान गरेको मार्ग निर्देशन अनुसार स्वास्थ्य क्षेत्रको विकास तथा स्वास्थ्य सेवा प्रबाह सम्वन्धी कार्य सञ्चालन गर्न स्वास्थ्य मन्त्रालयले प्रमुख भूमिका निर्वाह गर्दछ । यी सबै कार्यहरू प्रभावकारी रूपमा कार्यान्वयन गर्न भौतिक पूर्वाधारहरूको महत्त्वपूर्ण भूमिका हुन्छ। स्वास्थ्यक्षेत्रका भौतिक पूर्वाधारहरूको विकास तथा  निर्माणका लागि सरकारले वार्षिक रूपमा बजेट बिनियोजन गरी कार्यक्रम कार्यान्वयन गर्दै आएको छ ।

स्वास्थ्य सम्बन्धी भौतिक पूर्वाधार विकासका मामलामा विद्यमान रहेका विभिन्न सवालहरू जस्तै संस्थाहरूको तहगत ब्यवस्था तथा सो अनुसारको आकार, प्रकार र सेवा क्षेत्र सम्बन्धी मापदण्ड, स्वास्थ्य संस्थाको स्थान तथा जग्गाको ब्यवस्था, स्वास्थ्य भवनमा आवश्यक विशेष ब्यवस्थाहरू जस्तै जीवाणु संक्रमण सुरक्षा, सेवा तथा प्रयोजनहरूका तालमेल आदिका वारे स्पष्ट ब्यवस्था नभएकोले बजेट कार्यक्रमानुसार निर्माण हुने भवन संरचनाहरू प्रयोजन सुहाउँदो नहुने, स्रोत साधनहरूको उचित उपयोग नहुने आदि विविध समस्याहरू विद्यमान छन । यी समस्या तथा अस्पष्टताहरूको निराकरणका लागि यस मन्त्रालयले विगत लामो समय देखि स्वास्थ्य भवन पूर्वाधारहरूको डिजाइन तथा निर्माणका लागि आवश्यक नीति तथा निर्देशिकाहरू तयार गर्ने जमर्को थालेको हो । स्वास्थ्य संस्था छनौट तथा स्तरोन्नती सम्वन्धी निर्देशिका, निर्माणस्थल सम्वन्धी निर्देशिका आदि विगतमा निर्माण भई कार्यान्वयनमा आएतापनि तिसबै नीति तथा निर्देशिकाहरूलाई वर्तमान परिप्रेक्ष सुहाउँदो अद्यावधिक गरी यस मापदण्ड तथा निर्देशिकामा समावेश गरिएको छ ।

संघीय संरचनामा स्वास्थ्य सेवा प्रणालीको स्वरूपलाई निक्यौंल गरी जनशक्तिको उपलब्धता एवं क्षमता, भौतिक पूर्वाधार, औषधी तथा औजार उपकरणको उपलब्धताको एकिकृत योजना तयार गरी यस मन्त्रालयले 'एकिकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड' र यस सँग सम्बन्धित निर्देशिका तथा अनुसूचीहरू समावेश गरी यो पुस्तक प्रकाशन गरेको हो ।

यस मापदण्ड र निर्देशिकाले मूर्तरूप लिनका लागि विगत ७/८ वर्ष देखि विभिन्न निकायका पदाधिकारीहरू तथा विज्ञहरूको महत्त्वपूर्ण योगदान रहेको छ । उक्त योगदानको कदर स्वरूप ती योगदान दिने ब्यक्ति तथा पदाधिकारीहरूको नामावली यस पुस्तकमा सधन्यवाद समावेश गरिएको छ। यस बाहेक यसमा विशेष योगदान दिने माननीय स्वास्थ्य मन्त्रीज्यू, माननीय मन्त्रीज्यूका प्राविधिक सल्लाहकार समूह , स्वास्थ्य सेवा विभागका महानिर्देशक एवं पूर्व महानिर्देशकज्यूहरू, सहरी विकास तथा भवन निर्माण विभागका महानिर्देशकज्यूहरू तथा अन्य पदाधिकारीहरू, स्वास्थ्य सेवा विभाग - ब्यवस्थापन महाशाखाका निर्देशक तथा पूर्व निर्देशकज्यूहरू, नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रममा स्वास्थ्य पूर्वाधार सल्लाहकारज्यू प्रति हार्दिक आभार प्रकट गर्दछु ।

नेपाल सरकार
# स्वास्थ्य मन्त्रालय

४२६२९८७
४२६२५९०
४२६२८०२
४२६२७०६
४२६२९३५
४२६२८६२

प.सं. ०७४/७५

रामशाह पथ, काठमाडौं, नेपाल ।

अन्तमा यस मापदण्ड र निर्देशिकाको कार्यान्वयनबाट सबै स्वास्थ्य संस्थाहरूको भौतिक पूर्वाधारहरू सुरक्षित तथा प्रभावकारी होस् र व्यवस्थित स्वास्थ्य सेवा प्रणाली मार्फत सबै तहका नागरिकले गुणस्तरयुक्त स्वास्थ्य सेवामा पहुँच प्राप्त गरी स्वस्थ र सुन्दर जीवनयापन गर्ने हक प्राप्त हुनेछ  भन्ने अपेक्षा लिएको छु ।

भोगेन्द्रराज  डोटेल
प्रमुख
नीति योजना तथा अन्तर्राष्ट्रिय सहयोग महाशाखा

नेपाल सरकार
शहरी विकास मन्त्रालय
# शहरी विकास तथा भवन निर्माण विभाग

फोन नं. ४२६२३६५, ४२६२४६६, ४२६२३६७, ४२६२९४५, ४२१६८८४
फ्याक्स नं. ४२६२४३९
ववरमहल, काठमाडौं

प्राप्त पत्र संख्या:-
पत्र संख्या:- २०७४/०७५
च.नं.



## विषय : मन्तव्य

मन्त्रिपरिषदको मिति २०६१/०९/२२ को बैठकको निर्णय अनुसार १० लाख र सो भन्दा बढीको भवन निर्माण कार्य सहरी विकास तथा भवन निर्माण विभाग मार्फत् गराउने निर्णय भए बमोजिम स्वास्थ्य भवन निर्माण सम्बन्धी कार्यक्रमहरुको कार्यान्वयन आ.व. २०६१/०६२ देखि यस सहरी विकास तथा भवन निर्माण विभागबाट हुँदै आएको छ । प्रभावकारी स्वास्थ्य सेवा प्रवाह गर्ने र भूकम्प जस्ता विविध प्रकोपहरुबाट सुरक्षित स्वास्थ्य भवन निर्माण गर्ने सन्दर्भमा स्वास्थ्य मन्त्रालय र यस विभागको सहकार्यबाट हालसम्म एकीकृत जिल्ला स्वास्थ्य कार्यक्रम अन्तर्गत १,१०३ वटा स्वास्थ्य भवनहरु निर्माण सम्पन्न भइसकेको छ भने ९१९ वटा भवनहरु निर्माणाधीन अवस्थामा रहेका छन् । यस विभागमा उपलब्ध दक्ष जनशक्ति र स्रोतहरुको अधिकतम उपयोग गरी गुणस्तरयुक्त भवनहरु निर्माण गर्ने लक्ष्य अनुरुप कार्य हुँदै आएको र उक्त कार्यबाट स्वास्थ्य भवन निर्माण अन्तर्गत सोको डिजाइन, निर्माण तथा निर्माण व्यवस्थापन सम्बन्धी क्षमतामा उल्लेखनीय अभिबृद्धि भएको छ । यस प्रकृयामा आर्जन गरेका अनुभवहरु, भोगेका कमीकमजोरीहरु, सिकेका शिक्षाहरु, नयाँ संघीय संरचना अनुकूल व्यवस्थाहरु र व्यवस्थित स्वास्थ्य भवन निर्माणका लागी आवश्यक सबै महत्त्वपूर्ण विषयवस्तुहरुलाई समावेश गरी तयार गरिएको यस आधारभूत मापदण्ड तथा निर्देशिका प्रकाशन हुन लागेकोमा अत्यन्त हर्षित छु ।

यस दस्तावेज तयार गर्ने क्रममा यस विभागले आफ्नो लामो अनुभव र दक्षताको आधारमा पृष्ठपोषण प्रदान गर्दै आएको छ । यी अनुभव तथा सुझावहरु यसमा समावेश भएको हुनाले यस दस्तावेजको प्रकाशनले विद्यमान अन्यौलताहरुमा स्पष्टता र कमीकमजोरीहरुमा उल्लेखनीय सुधार आउन सक्ने कुरामा म विश्वस्त छु । यसले सरकारी स्वास्थ्य भवनहरु मात्र नभई निजी क्षेत्रबाट हुने निर्माणमा समेत मद्दत पुग्ने अपेक्षा लिएको छु । यस दस्तावेज निर्माणमा संलग्न हुनुहुने सबै विज्ञ प्राविधिकहरु तथा पदाधिकारीहरुलाई धन्यवाद तथा बधाई ज्ञापन गर्दै यस मापदण्ड र निर्देशिकाको सफल कार्यान्वयन भई स्वास्थ्य क्षेत्रका सबै भवनहरु सुरक्षित एवम् प्रभावकारी ढंगबाट निर्माण हुन सकुन र जनताले गुणस्तरयुक्त स्वास्थ्य सेवा प्राप्त गर्न सकुन भनी हार्दिक शुभकामना व्यक्त गर्दछु ।

ई. शिवहरी शर्मा
(महानिर्देशक)

# धन्यवाद ज्ञापन

यस निर्देशिकाको निर्माण लामो समय देखिको अन्तर्क्रियात्मक र सहभागितामूलक प्रक्रियाबाट विभिन्न निकायका पदाधिकारी तथा विज्ञहरूको अमूल्य योगदान र अथक प्रयासको परिणाम स्वरूप आज यो मापदण्ड प्रकाशन भएको हो । आ.व. २०६२/६३ मा नयाँ निर्माणहुने भवनहरू नमूना डिजाइन तयार गर्ने कार्यबाट शुरूवाट भएको यस महत्त्वपूर्ण दस्तावेज आजको रूपमा पुर्याउन विभिन्न चरणमा कार्यशाला र बैठकहरू आयोजना गरी घनीभूतरूपमा सहभागितामूलक छलफल गरिएको र अमूल्य पृष्ठपोषण प्राप्त गरेको थियो । ती कार्याशालाहरूको सूची निम्नानुसार छ ।

१. **२०६४ पुष २० गते शुक्रवार (२००८ जनवरी ४)** - "Workshop for Developing Standards for Health Infrastructures". Venue: Hotel Soaltee
२. **२०६४ चैत्र १५ गते शुक्रवार (२००८ मार्च २८)** – "Half day Workshop on Development of Standards for Health Infrastructures in Nepal". Venue: Hotel Soaltee
३. **२०६५ चैत्र ११ गते शुक्रवार (२००९ मार्च २४)** – "Half day Workshop for Consultation on Draft Designs of Different Level of Health Infrastructures in Nepal for the Development of Health Infrastructure Standards". Venue: World Trade Center, Tripureshwor, Kathmandu.
४. **२०६९ आषाढ १२ मंगलवार (२०१२ जून २६)** – "Interaction Workshop on Health Infrastructure Information System (HIIS) Upgrading and Updating. Venue: Hotel Park Village, Budhanilkantha, Kathmandu
५. **२०६९ कार्तिक २० सोमवार (२०१२ नोभेम्वर ५)** – "On day Workshop on Standard Design Finalization", Venue: Beijing Duck, Baneshwor
६. **२०६९ माघ १९ - २१ (२०१३ फेब्रुवरी १ - ३)** – "भौतिक पूर्वाधार तथा स्वास्थ्य संस्थाका भवनहरूको टाइप डिजाइन सम्वन्धी अभिमुखीकरण गोष्ठी" स्थान –नेपालगञ्ज
७. **२०६९ माघ २३ - २५ (२०१३ फेब्रुवरी ५ - ७)** – "भौतिक पूर्वाधार तथा स्वास्थ्य संस्थाका भवनहरूको टाइप डिजाइन सम्वन्धी अभिमुखीकरण गोष्ठी" स्थान –धनगढी
८. **२०७० वैशाख १७ मंगलवार (२०१३ अप्रिल ३०)** – "Dissemination updated and upgraded Health Infrastructure Information System (HIIS) and Presentation of revised standard design. Venue: Hotel Everest, Kathmandu
९. **२०७० आषाढ ४ – ६ (२०१३ जून १८ - २० )** – "भौतिक पूर्वाधार तथा स्वास्थ्य संस्थाका भवनहरूको टाइप डिजाइन सम्वन्धी अभिमुखीकरण गोष्ठी" स्थान – वाटरफ्रन्ट रिसोर्ट, पोखरा
१०. **२०७० आषाढ ८ – १० (२०१३ जून २२ - २४ )** – "भौतिक पूर्वाधार तथा स्वास्थ्य संस्थाका भवनहरूको टाइप डिजाइन सम्वन्धी अभिमुखीकरण गोष्ठी" स्थान – चितवन प्याराडाइज रिसोर्ट, सौराहा, चितवन
११. **२०७० आषाढ १३ – १५ (२०१३ जून २७ - २९ )** – "भौतिक पूर्वाधार तथा स्वास्थ्य संस्थाका भवनहरूको टाइप डिजाइन सम्वन्धी अभिमुखीकरण गोष्ठी" स्थान – धुलिखेल लज रिसोर्ट, धुलिखेल
१२. **२०७१ कार्तिक २८ (२०१४ नोभेम्वर १४)** माननीय मन्त्री खगराज अधिकारीज्यूलाई प्रस्तुति तथा छलफल बैठक । स्थान - औषधि ब्यवस्था विभाग, बिजुलीबजार, काठमाडौं ।

१३. **२०७३ चैत्र १६ बुधवार (२०१७ मार्च २९) -** डिजाइन तथा निर्देशिकालाई पुनरावलोकन गरी स्वीकृतिको लागि सिफारिस सम्वन्धी बैठक । स्थान – स्वास्थ्य मन्त्रालय, रामशाह पथ

१४. **२०७३ पुष ११ सोमवार (२०१६ डिसेम्वर २६) -** माननीय मन्त्री श्री गगनकुमार थापालाई प्रस्तुति तथा छलफल । स्थान - स्वास्थ्य मन्त्रालय, रामशाहपथ, काठमाडौं ।

१५. **२०७३ माघ १४ शुक्रवार (२०१७ जनवरी २७) -** माननीय मन्त्री श्री गगनकुमार थापालाई प्रस्तुति तथा छलफल । स्थान – पोखरा, कास्की ।

माथि उल्लेखित कार्यशाला वैठकहरूमा सहभागी भई वा आफ्नो पदमा रही विभिन्न तवरले यस मापदण्ड, निर्देशिका तथा नमूना डिजाइन तयार गर्ने प्रक्रियामा संलग्न हुने महानुभावहरूको नामावली सधन्यवाद यहाँ उल्लेख गरिएको छ ।

**स्वास्थ्य मन्त्रालय**

- श्री गगन कुमार थापा, माननीय मन्त्री
- श्री खगराज अधिकारी, तत्कालीन (त.) माननीय मन्त्री
- डा. सेनेन्द्र उप्रेती, सचिव
- डा. किरण रेग्मी, नि. सचिव
- डा. दीर्धसिंह बम, त. सचिव
- डा. सुधा शर्मा, त. सचिव
- डा. प्रविण मिश्र, त. सचिव
- श्री शान्तबहादुर श्रेष्ठ, त. सचिव
- डा. पुष्पा चौधरी, प्रमुख विशेषज्ञ
- डा. पदमवहादुर चन्द, त. प्रमुख विशेषज्ञ
- डा. बाबुराम मरासिनी, त. प्रमुख - HSRU
- श्री कपिल देव धिमिरे, त. सह-सचिव
- श्री सूर्य आचार्य, त. सह-सचिव
- श्री केदार बहादुर अधिकारी, त. सह-सचिव
- श्री महेन्द्र प्रसाद श्रेष्ठ, त. प्रमुख, PPICD
- श्री भोगेन्द्रराज डोटेल, प्रमुख, PPICD
- श्री रमेश प्रसाद अधिकारी, प्र. जनस्वास्थ्य प्रशासक
- श्री प्रणय कुमार उपाध्याय, जनस्वास्थ्य प्रशासक
- श्री रामकृष्ण लामिछाने, उप-सचिव
- श्री भक्तराज जोशी, उप-सचिव
- श्री लीलाराज पौडेल, त. उप-सचिव
- श्री राजन अधिकारी, कम्प्युटर अधिकृत
- श्री रामकृष्ण फुँयाल, शाखा अधिकृत
- डा. रामेश कोइराला, प्राविधिक सल्लाहकार
- श्री प्रताप पौडेल, प्राविधिक सल्लाहकार
- श्री अमित अर्याल, प्राविधिक सल्लाहकार
- आ. सुवास अधिकारी, प्राविधिक सल्लाहकार
- श्री सुदिप पोखरेल, प्राविधिक सल्लाहकार
- श्री यादव पद्योति, प्राविधिक सल्लाहकार

**स्वास्थ्य सेवा विभाग**

- डा. राजेन्द्र पन्त, महानिर्देशक
- श्री चुडामणि भण्डारी, उप-महानिर्देशक
- डा. मिंमार शेर्पा, त. महानिर्देशक
- डा. गोविन्द ओझा, त. महानिर्देशक
- डा. भिम सिंह तिंकरी, निर्देशक, ब्यवस्थापन महाशाखा
- डा. सरोज राजेन्द्र, त. निर्देशक, ब्यवस्थापन महाशाखा
- डा. भिम आचार्य, त. निर्देशक, ब्यवस्थापन महाशाखा
- डा. विकास देवकोटा, त. निर्देशक, ब्य. महाशाखा
- डा. पीयूष कुमार राजेन्द्र, त. निर्देशक, FHD
- डा. शम्भु शरण तिवारी, त. निर्देशक, ब्य. महाशाखा
- डा. नरेश प्रताप के.सी., त. निर्देशक, ब्य. महाशाखा
- डा. वालकृष्ण सुवेदी, त. निर्देशक, FHD
- श्री धनश्याम पोखरेल, बरिष्ठ जनस्वास्थ्य प्रशासक
- श्री दिनेश चापागाईं, प्रमुख जनस्वास्थ्य प्रशासक
- श्री सागर प्रसाद घिमिरे, व. जनस्वास्थ्य प्रशासक, ब्यवस्थापन महाशाखा
- श्री सुशील नेपाल, कम्प्युटर अधिकृत, ब्य. महाशाखा
- श्री ऋषिकेश शर्मा, त. जनस्वास्थ्य अधिकृत, ब्य. महाशाखा

**सहरी विकास तथा भवन निर्माण विभाग**

- ई. शिवहरि शर्मा, महानिर्देशक
- ई. रमेश प्रसाद सिंह, तत्कालीन (त.) महानिर्देशक

- ई. शम्भु के.सी., त. महानिर्देशक
- ई. महेन्द्र सुब्बा, त. महानिर्देशक
- आ. किशोर थापा, त. महानिर्देशक
- ई. अशोकनाथ उप्रेती, त. महानिर्देशक
- ई. इन्द्रबहादुर श्रेष्ठ, त. महानिर्देशक
- आ. पूर्ण कडरिया, त. महानिर्देशक
- ई. मणिराम गेलाल, उप-महानिर्देशक
- आ. पुरूषोत्तम डंगोल, त. उप-महानिर्देशक
- आ. राजुमान मानन्धर, त. स्वास्थ्य भवन इकाई प्रमुख
- ई.  काशी प्रसाद गुप्ता, त. स्वास्थ्य भवन इकाई प्रमुख
- ई.  द्वारिका श्रेष्ठ, त. स्वास्थ्य भवन इकाई प्रमुख
- ई.  मीरा ज्ञवाली, त. स्वास्थ्य भवन इकाई प्रमुख
- ई.  पराग कायस्थ, त. स्वास्थ्य भवन इकाई प्रमुख
- ई. हिमाल के.सी., स्वास्थ्य भवन इकाई प्रमुख,
- ई. सञ्जु लामिछाने, इन्जिनियर
- ई. परिक्षित कडरिया, त. इन्जिनियर
- ई. मनोज नकर्मी, त. इन्जिनियर
- आ. रिता काफ्ले, त. इन्जिनियर
- आ. प्रकाश अर्याल, त. इन्जिनियर
- आ. रोनिका जोशी, आर्किटेक्ट
- ई. शिखर लामा, त. इन्जिनियर

**नेपाल स्वास्थ्य क्षेत्र सहयोग कार्यक्रम, स्वा. मन्त्रालय**

- आ. सुनिल खड्का, प्रमुख सल्लाहकार
- आ. ज्ञानेन्द्र शाक्य, वरिष्ठ आर्किटेक्ट
- श्री प्रशानलान श्रेष्ठ, IT Expert
- ई. नविन मालाकार, वरिष्ठ इन्जिनियर
- आ. प्रतिभा शाक्य, कन्सल्ट्याण्ट
- आ. बविना श्रेष्ठ, कन्सल्ट्याण्ट
- आ. पवि तुलाधर, कन्सल्ट्याण्ट
- आ. शीतल आचार्य, कन्सल्ट्याण्ट
- आ. लिना कोइराला, कन्सल्ट्याण्ट
- आ. पूजिता श्रेष्ठ, CAD Expert
- ई. उज्ज्वल कार्की, सहायक इन्जिनियर
- श्री रिभा नायेजु, कन्सल्ट्याण्ट
- श्री सुजाता माकःजु, कन्सल्ट्याण्ट
- श्री राम शरण सापकोटा, कन्सल्ट्याण्ट
- श्री विराट शर्मा, कन्सल्ट्याण्ट
- श्री विकास माकः, कन्सल्ट्याण्ट
- आ. डेविड पोट्टर, कन्सल्ट्याण्ट

**अन्य सहयोगी संस्थाहरू तथा कार्यक्रमहरू**

- श्री तेज प्रसाद ओझा, त. GTZ/HSSP
- ई. तीर्थकुमार सिन्हा, GIZ

## पृष्ठभूमि

नेपालको संविधानले स्वास्थ्यलाई मौलिक हकको रुपमा सुनिश्चित गर्दै प्रत्येक नागरिकलाई राज्यवाट आधारभूत स्वास्थ्य सेवा निशूल्क प्राप्त गर्ने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवावाट वञ्चित नगरिने र प्रत्येक नागरिकलाई आफ्नो उपचार सम्बन्धमा जानकारी पाउने हकको व्यवस्था गरेको छ । प्रत्येक नागरिकलाई गुणस्तरीय स्वास्थ्य सेवामा पहुँच संविधानको मर्म हो ।

राष्ट्रिय स्वास्थ्य नीति, २०७१ तथा नेपाल स्वास्थ्य क्षेत्र रणनीति सन् २०१५-२०२० ले गुणस्तरीय सेवा विस्तारमा जोड दिएको छ। नेपाललाई सन् २०२२ सम्ममा विकासशील राष्ट्रको सूचीमा पुऱ्याउने सोचलाई साकार पार्न स्वास्थ्य क्षेत्रको सेवालाई पनि मुख्य आधारशीलाका रुपमा लिइएको छ। एकातर्फ नेपालले हालसम्म सामना गर्नु परेका स्वास्थ्य चुनौतीको दीगो समाधान खोज्नुछ भने अर्कोतर्फ नसर्ने रोगको बढ्दो चाप लगायत नयाँ नयाँ स्वास्थ्य चुनौतीको सामना गर्नुपर्नेछ। यस सँगै दीगो विकास लक्ष्य अनुरुप सवै उमेर समूहका नागरिकको स्वस्थ जीवन र स्वास्थ्य प्रवर्द्धनको सुनिश्चितताको लागि यस क्षेत्रको विकासमा विशेष प्राथमिकता दिनु अपरिहार्य छ।

संविधानको भावना अनुरुप देश संघीय स्वरुपमा रुपान्तरण हुँदै गरेको सन्दर्भमा संघीय नेपालमा स्वास्थ्य सेवा स्थानीय, प्रादेशिक र केन्द्रीय तहको प्राथमिक दायीत्व अन्तर्गत समेत रहेको अवस्थामा स्वास्थ्य सेवाको विकास र विस्तार गर्दैगर्दा संघीय ढाँचामा समेत मिल्ने गरी विद्यमान स्वास्थ्य सेवा प्रणाली तथा संरचनाहरुको हेरफेर हुनु आवश्यक देखिएको छ।

नागरिकले आफ्नो घर नजिकमा आधारभूत स्वास्थ्य सेवा प्राप्त गर्ने, गुणस्तरीय स्वास्थ्य सेवामा नागरिकको पहुँचको विस्तार गर्ने, संविधानको भावनालाई मूर्तरूप दिन नेपालका स्वास्थ्य संस्थाहरुबाट प्रवाह हुने समग्र सेवा, जनशक्तिको उपलब्धता एवं क्षमता विकास र भौतिक पूर्वाधार, औषधी तथा औजार उपकरणहरुको उपलब्धताको एकिकृत विकास र विस्तार अपरिहार्य छ।

यस पृष्ठभूमिमा हालसम्म एकिकृत रुपमा नहेरिएको र समग्र क्षेत्रको प्रक्षेपण समेत हुन नसकेको अवस्थालाई समेत मध्यनजर गर्दै एकिकृत स्वास्थ्य पुर्वाधार विकास परियोजनाको परिकल्पना गरिएको हो। नेपालको स्वास्थ्य सेवालाई भरपर्दो र गुणस्तरीय अवस्थामा पुऱ्याउन स्वास्थ्य सेवाको सुधार, विस्तार र विकासका लागि सात वर्षसम्म गर्नुपर्ने कार्यहरुको विस्तृत विवरण, सेवाका आधारमा स्वास्थ्य संस्थाको वर्गीकरण, स्वास्थ्य जनशक्ति उत्पादन र व्यवस्थापनको खाका, स्वास्थ्य पूर्वाधार निर्माण र विकासका लागि संघीय संरचना अनुरुप सरकारहरूको दायित्व र एकिकृत पूर्वाधार विकासका लागि आधार र मापदण्ड समावेश गरी यस 'एकिकृत स्वास्थ्य पूर्वाधार विकास मापदण्ड' तयार गरिएको छ।

## १. स्वास्थ्य पूर्वाधार विकासको अवधारणा

जनस्वास्थ्यका वर्तमान र उदयिमान चुनौतीहरूको सम्वोधन गर्न र नागरिकको स्वास्थ्य सेवा सम्बन्धी आवश्यकता पूर्ति गर्न नेपालको सार्वजनिक स्वास्थ्य पूर्वाधारमा ठूलो थप लगानी आवश्यक छ। विगत ३० वर्ष देखि नेपाल सरकारले स्वास्थ्य पूर्वाधारको निर्माणमा लगानी बढाउँदै आएको भएपनि हालसम्मका प्रयासहरू खण्डीकृत रूपमा भएका छन् । नेपालको सन्दर्भमा सार्वजनिक स्वास्थ्य पूर्वाधारका तीन आवश्यक हिस्सा - भौतिक संरचना, स्वास्थ्यकर्मी जनशक्ति र उपकरणलाई छुट्टाछुट्टै व्यवहार गरिएको छ । स्वास्थ्य पूर्वाधारलाई भिन्न-भिन्न निकायबाट एकतर्फी ढंगले विकास गरिँदा आम जनताले भरपर्दो र गुणस्तरीय सेवा पाउन सकिरहेका छैनन्। कतै नयाँ निर्माण भएका स्वास्थ्य संस्थाका भवनहरूमा आवश्यक जनशक्ति र उपकरण नहुने त कतै जनशक्ति भएर पनि उपकरण वा भवन नहुने अवस्था आउँदा प्रभावकारी स्वास्थ्य सेवा उपलब्ध गराउन समस्या भएको छ। यस पृष्ठभूमिमा तीनवटै पूर्वाधारलाई समग्रमा हेर्दै आम जनसमुदायको स्वास्थ्य सेवा आवश्यकताको आधारमा एकीकृत ढंगले विकास गर्ने गरी यो परियोजनाको डिजाइन गरिएको छ।

चित्र १ स्वास्थ्य पूर्वाधार विकासको एकिकृत अवधारणा




भविष्यमा स्वास्थ्य संरचनाको जथाभावी स्थापनालाई निरुत्साहित गर्नको लागि यस रणनीति बमोजिम वैज्ञानिक आधारमा प्रक्षेपित गरिनेछ। जिओग्राफिक इन्फर्मेसन सिस्टम (GIS) को प्रयोग गरेर विभिन्न प्रकारका स्वास्थ्य संस्थाको वर्गीकरण गरी भौगोलिक विश्लेषणमार्फत् जनसंख्या, भौगोलिक पहुँच र सहयोगी पूर्वाधार समेतलाई ध्यानमा राख्दै संस्थाको स्थान तोकिनेछ। स्वास्थ्य संस्थाका भवनहरू भूकम्प प्रतिरोधी डिजाइनका हुनेछन् भने सस्तो र स्थानीय रूपमा उपलब्ध सामग्री प्रयोग गरेर निर्माण गर्न सकिने किसिमका हुनेछन्।

स्वास्थ्य संस्थाहरूलाई चार तहमा वर्गीकरण गरिएको छ। सो अनुसारको हरेक तह मार्फत उपलब्ध गराइने न्यूनतम सेवाहरू तोकिएको छ । ती सेवाको माग र आवश्यकताको आधारमा प्रत्येक तहका स्वास्थ्य संस्थामा चाहिने स्वास्थ्यकर्मीको प्रकार र संख्या निर्धारण हुनेछन्। सबै तहमा स्वास्थ्यकर्मीहरूलाई छनौट

तथा नियुक्ति गर्ने, परिचालन गर्ने र कायम राख्ने नेपाल सरकारको मापदण्डहरु अवलम्बन गरिनेछ। स्वास्थ्य संस्थाको स्तरोन्नति हुँदै गर्दा सेवा अवरुद्ध नहुने व्यवस्था मिलाईनेछ।

सबै तहका स्वास्थ्य संस्थामा बायोमेडिकल तथा सहयोगी उपकरणहरूको खरिद, सञ्चालन, मर्मत सम्भार र व्यवस्थापनलाई वैज्ञानिक बनाईनेछ। उपकरणका हाल प्रयोगमा भएका स्पेसिफिकेसनलाई आधार मान्दै उपकरणको व्यवस्थापन र मर्मत सम्भारलाई थप सबलीकरण गर्ने मापदण्डहरुको कार्यान्वयन गरिनेछ।

## २. स्वास्थ्य संस्थाहरुको वर्गीकरण रणनीति

नेपालको विद्यमान प्रशासनिक संरचनाहरु १ केन्द्र, ५ विकास क्षेत्र, १४ अञ्चल र ७५ जिल्लाबाट नयाँ संघीय संरचना बमोजिम १ संघ, ७ प्रदेश र ७४४ स्थानीय तहमा रुपान्तरण भएको छ। साथै नेपालमा स्वास्थ्य संस्थाहरुको स्थापना, संचालन तथा स्तरोन्नतीको प्रकृया सेवा प्रवाहको आधारमा नभई केवल शैय्या संख्याका आधारमा हुने गरेको परिप्रेक्ष्यमा राज्यको आम जनतालाई गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्ने दायित्व निर्वाह गर्न एवं नागरिकले सहज र सर्वसुलभ रुपमा गुणस्तरीय स्वास्थ्य सेवा प्राप्त गर्ने अधिकार सुनिश्चित गर्न विद्यमानमा व्यवस्था भएको स्वास्थ्य संस्थाहरुलाई सेवा प्रवाह र व्यवस्थापनका आधारमा वर्गीकरण गरिएको छ। वर्गीकृत स्वास्थ्य संस्थाहरुले प्रवाह गर्ने सेवा र स्वास्थ्य संस्थाहरुको व्यवस्थापन जिम्मेवारी देहाय बमोजिम हुनेछ।

| सि नं | नेपालको तहगत संरचना | स्वास्थ्य संस्था प्रकार | प्रवाह हुने स्वास्थ्य सेवाहरु |
|---|---|---|---|
| १ | स्थानीय तहः गाउँपालिका र नगरपालिका वार्डस्तर | स्वास्थ्य चौकी, सामुदायिक स्वास्थ्य ईकाई | स्थानीय तह अन्तर्गत सम्पूर्ण वार्डस्तरमा १ स्वास्थ्य संस्था रहनेछ। तहाँबाट प्रवाह हुने स्वास्थ्य सेवाहरु देहाय बमोजिम हुनेछ।<br><br>खोप, परिवार नियोजन, गर्भवती एवं शिशुजाँच, साधारण प्रसुती, नवजात शिशुसेवा, डट्स प्रणाली, पोषण, मानसिक स्वास्थ्य, नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिङ्ग, स्थानीय स्तरमा सामान्य रुपमा देखिने सरुवा रोगको प्रकोप, औषधी वितरण, प्रयोगशाला सेवा, आँखा उपाचार सेवा, दन्तसेवा तथा अन्य स्वास्थ्य प्रवर्द्धन तथा न्यूनीकरण, रोकथाम सम्बन्धी आधारभूत सेवाहरु |
| २ | स्थानीय तहः उप-महानगरपालिका र महानगरपालिकाका वार्डस्तर | जनता स्वास्थ्य केन्द्र | नसर्ने रोगबारे जनचेतना अभिवृद्धि, न्यूनीकरण, रोकथाम, परामर्श तथा Screening गर्ने तथा खोप सम्बन्धी सेवा।<br>पोषण तथा खाना सम्बन्धी परामर्श सेवा।<br>परिवार नियोजन, वयस्क, प्रजनन तथा यौनस्वास्थ्य सम्बन्धी सेवा। |

| | | | |
|---|---|---|---|
| | | | मनोसामाजिक परामर्श सेवा।<br>प्रौढ स्वास्थ्य सम्बन्धी परामर्श सेवा।<br>जनस्वास्थ्य निरीक्षण तथा अनुगमन। यसका साथै नेपाल सरकार स्वास्थ्य मन्त्रालयले निर्धारण गरे बमोजिमका अन्य सेवाहरु। |
| ३ | स्थानीय तहः गाउँपालिका | प्राथमिक अस्पताल वर्ग – 'ख' | जनसंख्या र भूगोलका आधारमा अस्पतालको आकार सानो वा ठूलो हुन सक्नेछ। प्राथमिक अस्पताल वर्ग – 'ख' बाट प्रवाह हुने सेवाहरु देहाय बमोजिम हुनेछन्।<br><br><u>आधारभूत स्वास्थ्य सेवा</u><br>● खोप, परिवार नियोजन, गर्भवती एवं शिशुजाँच, साधारण प्रसुती, नवजात शिशुसेवा, डट्स प्रणाली, पोषण, मानसिक स्वास्थ्य, नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिङ्ग, स्थानीय स्तरमा समान्यरुपमा देखिने सरुवा रोगको प्रकोप, औषधी वितरण, प्रयोगशाला सेवा, आँखा उपचार सवा, दन्तसेवा तथा अन्य स्वास्थ्य प्रवर्द्धन तथा न्यूनीकरण, रोकथाम सम्बन्धी आधारभूत सेवाहरु तथा अन्य जनचेतना तथा निरोधात्मक सेवाहरु र सामाजिक सेवा ईकाई<br><br><u>चिकित्सकीय सेवाहरु</u><br>● सामान्य स्त्रीरोग तथा प्रसुती सेवा<br>● बहिरँग सेवा<br>● आकस्मिक प्रसुति तथा नवजात शिशु शल्यक्रिया सेवा (CEONC) तथा अन्य प्राथमिक शल्यक्रियाहरु<br>● आँखा उपचार सेवा, दन्तसेवा<br>● २४ सै घण्टा आकस्मिक सेवा |
| ४ | स्थानिय तहः नगरपालिका, उप-महानगरपालिका र महानगरपालिका | प्राथमिक अस्पताल वर्ग –'क' | जनसंख्या र भूगोलका आधारमा अस्पतालको आकार सानो वा ठूलो हुन सक्नेछ। प्राथमिक अस्पताल वर्ग – 'क' बाट प्रवाह हुने सेवाहरु देहाय बमोजिम हुनेछन्।<br><br><u>आधारभूत स्वास्थ्य सेवा</u><br>खोप, परिवार नियोजन, गर्भवती एवं शिशुजाँच, साधारण प्रसुति, नवजात शिशुसेवा, डट्स प्रणाली, |

| | | | |
|---|---|---|---|
| | | | पोषण, मानसिक स्वास्थ्य, नसर्ने रोगहरुको परामर्श तथा स्क्रिनिङ्ग, स्थानीय स्तरमा सामान्यरुपमा देखिने सरुवा रोगको प्रकोप, औषधी वितरण, प्रयोगशाला सेवा तथा अन्य स्वास्थ्य प्रवर्द्धन तथा न्यूनीकरण, रोकथाम सम्बन्धी आधारभूत सेवाहरु, आँखा उपचार सेवा, दन्तसेवा तथा अन्य जनचेतना तथा निरोधात्मक सेवाहरु र सामाजिक सेवा ईकाई<br>चिकित्सकीय सेवाहरु<br>● बहिरँग सेवा - फिजिसियन, स्त्रीरोग, प्रसुति, बालरोग तथा हाड जोर्नी<br>● २४ सै घण्टा आकस्मिक सेवा<br>● आँखा उपचार सेवा, दन्तसेवा<br>● आकास्मिक प्रसुति तथा नवजात शिशु शल्यक्रिया सेवा (CEONC), हाडजोर्नी सम्बन्धी लगायत बिशिष्टिकृत र ठूला शल्यक्रिया सेवाहरु |
| ५ | प्रदेश | द्वितीय तह अस्पताल (Secondary Hospital) | प्राथमिक तहका अस्पताल तथा अन्य स्थानबाट हुने रिफरल र सो भन्दा माथिल्लोस्तरको सेवाहरु प्रवाह गर्ने गरी द्वितीय तहका अस्पतालहरुबाट देहाय बमोजिमका सेवाहरु प्रवाह हुनेछन्।<br>जनस्वास्थ्य सेवा - खोप, परिवार नियोजन, गर्भवती एवं शिशुजाँच, साधारण प्रसुति, नवजात शिशुसेवा, जटील प्रसुती सेवा, क्षयरोग, दम जस्ता रोगहरुको उपचार, आँखा उपचार सेवा, दन्तसेवा तथा अन्य स्वास्थ्य प्रवर्द्धन तथा न्यूनीकरण, रोकथाम सम्बन्धी आधारभूत सेवाहरु र सामाजिक सेवा ईकाई।<br>चिकिस्तकीय सेवा - जनरल फिजिसियन सेवा, साधारण शल्यक्रिया सेवा, गर्भवती एवं शिशुजाँच, बालरोग सेवा, दाँत रोग, हाडजोर्नी सेवा तथा आँखारोग सेवा।<br>विभाग र वार्डहरु - मुत्ररोग, छालारोग, स्त्री रोग, हाड जोर्नी, बालरोग, मानसिक रोग, नाक-कान-घाँटी, विभागहरु।<br>आकस्मिक सेवाहरु - २४ घण्टा शल्यक्रिया सहितको आकस्मिक सेवा। |

| | | | |
|---|---|---|---|
| | | | जनचेतना तथा निरोधात्मक सेवाहरु ।<br>शल्यक्रिया सेवा - साधारण शल्यक्रिया, स्त्री रोग तथा प्रसुति सम्बन्धी शल्यक्रिया, नाक-कान-घाँटीको शल्यक्रिया, हाडजोर्नी शल्यक्रिया ।<br>अन्य - हेमोडायलाइसिस, सघन उपचार कक्ष, नवजात सघन उपचार कक्ष । |
| | | प्रादेशिक स्वास्थ्य विज्ञान प्रतिष्ठान | प्रत्येक प्रदेशमा कम्तिमा १ प्रादेशिक स्वास्थ्य विज्ञान प्रतिष्ठानहरु स्थापना तथा सञ्चालन हुन सक्नेछन् । प्रदेशस्तरमा स्थापना हुने स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुको आफ्नै तृतीय तहको अस्पताल सञ्चालन गर्नु पर्नेछ । प्रादेशिक स्वास्थ्य विज्ञान प्रतिष्ठानहरुले प्रदेशस्तरमा सञ्चालनमा रहेका द्वितीय तहका सबै अस्पतालहरुमा समेत अध्ययन अध्यापनको क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ। |
| ६ | संघ | तृतीय तह अस्पताल (Tertiary Hospital) | प्राथमिक तथा द्वितीय तहका अस्पतालबाट हुने रिफरल तथा सेवाको विशिष्टताको आधारमा रहने तृतीय तहका अस्पतालहरुबाट देहाय बमोजमका सेवाहरु प्रवाह हुनेछन् ।<br>जनस्वास्थ्य सेवा - खोप, परिवार नियोजन, गर्भवती एवं शिशुजाँच, साधारण प्रसुति, नवजात शिशुसेवा, जटील प्रसुति सेवा, क्षयरोग, दम जस्ता रोगहरुको उपचार तथा अन्य स्वास्थ्य प्रवर्द्धन तथा न्यूनीकरण, रोकथाम सम्बन्धी आधारभूत सेवाहरु र सामाजिक सेवा इकाई।<br>चिकित्सकीय सेवा तथा वार्ड/विभाग - जनरल फिजिसियन सेवा, साधारण शल्यक्रिया सेवा, गर्भवती एवं शिशुजाँच, बालरोग सेवा, दाँत रोग, हाडजोर्नी सेवा, आँखारोग सेवा, मुत्ररोग, छालारोग, मानसिकरोग, नाक-कान-घाँटी, मुटुरोग, नशारोग तथा अन्य विशिष्ट सेवाहरु ।<br>आकस्मिक सेवाहरु - २४ घण्टा शल्यक्रिया सहितको आकस्मिक सेवा ।<br>जनचेतना तथा निरोधात्मक सेवाहरु ।<br>शल्यक्रिया सेवा - साधारण शल्यकृया, स्त्री रोग तथा प्रसुति सम्बन्धी शल्यक्रिया, नाक-कान-घाँटी, आँखाको शल्यक्रिया, हाडजोर्नी शल्यक्रिया । |

| | | | |
|---|---|---|---|
| | | | अन्य - हेमोडायलाइसिस, सघन उपचार कक्ष, नवजात सघन उपचार कक्ष । थप हुनसक्ने अन्य सेवाहरु - नशा तथा मुटुरोग शल्यक्रिया, प्लाष्टिक सर्जरी आदि । |
| | | बिशिष्टिकृत अस्पताल (Super Specialty Hospital) | हाल सञ्चालनमा रहेका सुपर स्पेसियलिटि अस्पतालहरु संघीय सरकार अन्तर्गतमा रहनेछन् । प्राथमिक द्वितीय तथा तृतीय तहका अस्पतालबाट रिफर भई आएका निश्चित रोग तथा अंग विशेषको सम्पुर्ण बिशेषज्ञ उपचार सेवा प्रदान गर्नेछन् । सुपर स्पेसियलिटि अस्पतालहरुलाई सेन्टर अफ एक्सलेन्सको रुपमा विकास गरिनेछ। |
| | | संघीय स्वास्थ्य विज्ञान प्रतिष्ठान | संघमा एकमात्र केन्द्रीय स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालन हुन सक्नेछन् । स्वास्थ्य विज्ञान प्रतिष्ठानले आफ्नै तृतीय तहको अस्पताल सञ्चालन गर्नु पर्नेछ । केन्द्रीय स्वास्थ्य विज्ञान प्रतिष्ठानले संघीय सरकार अन्तर्गत सञ्चालनमा रहेका सम्पूर्ण तृतीय तहका अस्पतालहरु र सम्पूर्ण सुपर स्पेसियलिटी अस्पतालहरुमा समेत अध्ययन अध्यापनको क्रियाकलाप सञ्चालन गर्नु पर्नेछ । |

पूर्वाधार विकास मापदण्ड तयारी, कार्यान्वयनमा तहगत रुपमा संघ, प्रदेश र स्थानीय तहको फरक फरक र अन्तरसम्बन्धित काम, कर्तब्य र अधिकारहरु देहाय बमोजिम हुनेछन् ।

## ३. संघीय सरकारको काम, कर्तव्य र अधिकार

- स्वास्थ्य पूर्वाधारहरुको निर्माण तथा स्तरोन्नतीको मापदण्ड तयार गर्ने/गराउने
- स्वास्थ्य पूर्वाधारहरुको स्ट्याण्डर्ड डिजाईन तथा निर्देशिका तयार गर्ने/गराउने
- कार्यक्रम कार्यान्वयनका लागि आवश्यक बजेट तथा कार्यक्रमहरु तयार गर्ने/गराउने
- कार्यक्रमको लागि आवश्यक बजेट तथा कार्यक्रमहरु अनुमोदन गर्ने
- कार्यक्रम सञ्चालन सम्वन्धमा आवश्यक कार्यविधि/निर्देशिकाहरु तयार गर्ने
- अन्तर निकाय समन्वयको व्यवस्था मिलाउने
- कार्यक्रम संचालनमा आइपरेका समस्याहरू, परियोजना सञ्चालनमा आई पर्ने द्विविधा र अस्पष्टताको निवारण गर्ने
- सार्वजनिक खरिद प्रक्रिया बमोजिम सम्पूर्ण खरिद सुशासनको प्रबर्द्धन गर्ने
- प्रादेशिक  तथा स्थानीय स्वास्थ्य संस्थाहरुसँग कार्यमूलक समन्वय गर्ने

- पूर्वाधार विकासका लागि आवश्यकता पहिचान गर्ने
- सम्झौता ब्यवस्थापन गर्ने
- मानव संशाधनको आवश्यकता प्रक्षेपण गर्ने
- मानव संशाधन विकासको योजना तयारी गर्ने
- बिद्यमान स्वास्थ्यकर्मीहरुको समायोजन गर्ने
- स्वास्थ्य सम्वन्धी औजारहरुको वर्गीकरण गर्ने
- स्वास्थ्य सम्वन्धी औजारहरुको स्पेसिफिकेशन बैंक तयार गर्ने
- वर्गीकरणका आधारमा ठूला र बिशिष्टिकृत उपकरण तथा औजारहरुको खरिद, सञ्चालन र व्यवस्थापन गर्ने/गराउने
- सेवा विस्तारको लागि सरकारी, गैह्र सरकारी, निजी क्षेत्र सँग साझेदारीको खाका तयार गर्ने

## ४. प्रादेशिक सरकारको काम कर्तव्य र अधिकार

- प्रदेशस्तरमा स्वास्थ्य पूर्वाधार विकासका लागि आवश्यकता पहिचान गर्ने
- पूर्वाधार निर्माण तथा स्तरोन्नतीको योजना तयारी तथा कार्यान्वयन गर्ने
- संघीय तथा स्थानीय सँग कार्यमूलक सहकार्य गर्ने
- प्रदेशस्तरमा आवश्यक पर्ने स्वास्थ्यकर्मीहरुको विवरण तयार गर्ने
- प्रदेशस्तरमा साझेदारीमा गुणस्तरीय स्वास्थ्य सेवा विस्तार गर्ने
- प्रदेशस्तरमा आवश्यक पर्ने स्वास्थ्य औजार तथा उपकरणहरुको आवश्यकता पहिचान गर्ने
- आवश्यक औजार तथा उपकरणहरुको खरिद, संचालन र व्यवस्थापन गर्ने
- प्रदेशस्तरमा विकास गरिने पूर्वाधार विकासको खरिद योजना तयार तथा कार्यान्वयन गर्ने
- स्थानीय तह मार्फत निर्माण तथा विकास गरिने स्वास्थ्य पूर्वाधारहरुको गुणस्तर नियमन गर्ने
- स्थानीय तहमा निर्माण तथा विकास गरिने स्वास्थ्य पूर्वाधारहरुको बजेट तथा कार्यक्रमको व्यवस्था मिलाउने
- स्वास्थ्य सम्बन्धी मापदण्डहरुको पालना गर्ने गराउने
- स्थानिय तहमा बन्ने स्वास्थ्य पूर्वाधारहरु स्थानीय तहबाट नै निर्माण हुने छन्। स्थानीय तहमा स्वास्थ्य पूर्वाधार विकासका लागि बजेट तथा कार्यक्रम संघ र प्रदेशबाट विनियोजन हुनेछ। स्वास्थ्य पूर्वाधार विकासका लागि स्थानीय तहको काम कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ।

## ५. स्थानीय तहको काम, कर्तव्य र अधिकार

- स्वास्थ्य पूर्वाधार विकासका लागि आवश्यक बजेट तथा कार्यक्रमको व्यवस्थापन गर्ने

- पूर्वाधार विकास तथा स्वास्थ्य सम्बन्धी औजार उपकरण खरिद योजना तयार गर्ने
- पूर्वाधार विकासका लागि ठेक्का व्यवस्थापन, साईट सुपरभिजन र लेखा व्यवस्थापन गर्ने
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाहका लागि आवश्यक स्वास्थ्यकर्मीहरुको आवश्यकता पहिचान, नियुक्ती र सञ्चालन गर्ने
- गुणस्तरीय स्वास्थ्य सेवा प्रवाह गर्न संघीय मापदण्डहरुको कार्यान्वयन गर्ने
- स्वास्थ्य पूर्वाधार विकासको आन्तरिक नियमन र सुशासन कायम गर्ने
- प्रादेशिक तथा संघीय स्वास्थ्य सम्बन्धी संस्थाहरु सँग कार्यमूलक समन्वय गर्ने

## ६. संघीयतामा स्वास्थ्य संरचना र अन्तरसम्बन्ध

स्वास्थ्य सेवाका सर्वब्यापी आयामहरू प्रतिकारात्मक, प्रर्वर्द्धनात्मक, उपचारात्मक, पुर्नस्थापनात्मक र प्यलीएटीभ सेवाहरूको आवश्यकता र वर्तमान प्राथमिकताहरूको सान्दर्भिकता संघीय राज्य ब्यवस्थामा अझ स्थानीय परिवेश मुखरित हुँदा बढी सघन तथा यथार्थपरक हुन पुग्दछ । संघीयताको परिवेशमा मुलुकको शासकीय स्वरूपमा हुने परिवर्तन सँगै स्वास्थ्य सेवाको व्यवस्थापकीय संरचनामा समेत परिवर्तन स्वाभाविक रूपमा हुन्छ । यी संरचनागत परिवर्तनहरूलाई यँहा छोटकरीमा वर्णन गरिएको छ । स्वास्थ्य सेवा प्रवाहका लागि स्वास्थ्य संस्थाहरूको संजाल जति आवश्यक हुन्छ त्यति नै यसको शासकीय (Governance) संरचनाको महत्व पनि उति नै रहन्छ । स्वास्थ्य सम्बन्धी हकका रूपमा, आधारभूत स्वास्थ्य सेवा निशुल्क रूपमा उपलब्ध गराउने, कसैलाई पनि आकस्मिक स्वास्थ्य सेवा बाट वञ्चित नगराउने, स्वास्थ्य सम्बन्धी सूचनाको हक स्थापित गर्ने, महिला हकका रूपमा प्रत्येक महिलालाई सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य अधिकार लगायत संविधानमा स्वास्थ्यका सवालमा अभिव्यक्त मर्मलाई कार्यान्वयन गर्न संघीय स्तरमा स्वास्थ्य मन्त्रालय रहनु अपरिहार्य देखिन्छ।




शासकीय स्वरूपको वृहत्तर खाका

मन्त्री परिषदबाट स्वीकृत Functional Analysis मा समेत संघीय स्तरमा ४२, प्रदेश स्तरमा ३९ र स्थानीय स्तरमा २६ वटा कार्यहरू उल्लेख गरिएको छ, यी कार्य विश्लेषणलाई मात्र आधार मानेर संरचनाको प्रारूप तयार पार्दा पनि संघीय एवं प्रान्तीय तहमा स्वास्थ्य मन्त्रालयको औचित्य स्पष्ट देखिन आउँछ । स्वास्थ्य मन्त्रालयले यसै अवधारणामा गरेको विश्लेषण अनुरूप तपसील अनुरूपको स्वास्थ्यका लागि शासकीय संरचना आवश्यक रहेको देखिन्छ ।

प्रस्तावित ७४४ स्थानीय शासकीय संरचनाहरू संविधान प्रदत्त अधिकार अनुसार स्वतन्त्ररूपमा कार्य गर्नेछन् जसको फलस्वरूप यी शासित वा यस अन्तर्गत संचालन हुने स्वास्थ्य सेवा प्रदायक स्वास्थ्य संस्थाहरू बीचको अन्तरसम्बन्ध कसरी र कुन संयन्त्र मार्फत स्थापित गर्ने भन्ने एक महत्त्वपूर्ण प्रश्न मुखरित भएको छ । यस प्रयोजनका लागि प्रदेश अन्तर्गतको निकायका रूपमा सम्भव भएमा हरेक जिल्लामा अन्यथा रणनैतिक अवस्थितिमा जिल्ला र डिभिजन स्वास्थ्य निर्देशनालय स्थापना गर्न आवश्यक देखिन्छ । यी संरचनाको औचित्य जिल्ला भित्रका सेवा प्रदायक तथा शासकीय संरचना बीच आवश्यक समन्वयका अलावा स्वास्थ्य क्षेत्रमा संचालन हुने विभिन्न राष्ट्रिय अभियानहरू कार्यान्वयन, प्रादेशिक स्तरमा खरिद गरिएका संवेदनशील औषधि लगायत अन्य सामाग्रीहरूको भण्डारण तथा वितरणको कार्यमा समेत आवश्यक देखिन आँउछ । माथिका शासकीय संरचनाहरूको प्रत्यक्ष वा परोक्ष व्यवस्थापनमा स्वास्थ्य चौकी, जनता स्वास्थ्य केन्द्र, सामुदायिक स्वास्थ्य इकाई, दुई प्रकारको प्राथमिक अस्पताल, द्वितीय तह (Secondary) र तृतीय तह (Tertiary) अस्पतालहरू संचालनमा रहने प्रस्ताव गरिएको छ । यसको नमूना संरचना तल उल्लेख गरे अनुरूप हुन प्रस्ताव गरिनेछ।




**सेवा प्रदान गर्ने संस्था र शासकीय संरचना**




**स्वास्थ्य सेवा प्रवाहको नमूना संरचना**

## ७. उपलब्धी

यस मापदण्डको कार्यान्वयन पश्चात् आउँदो सात वर्षभित्र देशभर गुणस्तरीय रुपमा तीन तहका सरकार मातहत ३३२९ हेल्थ पोष्ट, ७३३ प्राथमिक अस्पताल, १५ द्वितीय तहको अस्पताल, १५ तृतीय तहको अस्पताल, ८ केन्द्रीय/अतिविशिष्टीकृत अस्पताल र ८ शिक्षण अस्पताल हुनेछन्। यसरी हरेक स्थानीय तहमा कम्तीमा एउटा प्राथमिक अस्पताल र प्रत्येक प्रदेशमा कम्तीमा एउटा तृतीय तहको अस्पतालबाट गुणस्तरीय सेवा प्रवाह हुनेछ।

यस मापदण्डले स्वास्थ्य सेवाको विकास र विस्तारको लागि तीनै तहका सरकारको लागि एउटा स्पष्ट दिशा निर्देश गर्नेछ। जनसंख्या र भूगोलको आधारमा आवश्यक सेवाको प्रवाह हुने भएकोले त्यसको आधारमा जनशक्ति र भौतिक पूर्वाधारको आपूर्ति र व्यवस्थापन गर्न सकिनेछ। यसो हुँदा उपलब्ध जनशक्ति, भौतिक पूर्वाधार र कोषको महत्तम उपयोग हुने वातावरण निर्माणमा सघाउ पुग्नेछ।

यो मापदण्ड आउँदा वर्षहरूमा नेपालमा स्वास्थ्य सेवाको लागि आवश्यक जनशक्ति र भौतिक पूर्वाधारको आवश्यकता प्रक्षेपण गर्ने आधार समेत हुनेछ। स्वास्थ्य सेवा प्रदान गर्न आवश्यक हरेक श्रोतसाधनको उत्पादन गर्ने सम्बन्धित निकायको लागि यो मापदण्डले स्पष्ट मार्ग निर्देश गर्नेछ।

## सम्बन्धित अनुसूचीहरू

यस मापदण्ड सँग सम्वन्धित निर्देशिका, नमूना नक्सा तथा स्वास्थ्य संस्थाहरूको नयाँ वर्गीकरणको सूची निम्नानुसार चार भागमा किताव तयार गरी यस मापदण्डको अनुसूचीका रूपमा प्रकाशित गरिएको छ।

Volume 1 : Categorization of Health Facilities as per Nepal Health Infrastructure Development Standards 2017

Volume 2 : स्वास्थ्य भवन पूर्वाधारको डिजाइन तथा निर्माण सम्वन्धी निर्देशिका (Standard Guideline for Design and Construction of Health Infrastructure)

Volume 3 : Health Building Infrastructure Standard Design Drawings

Volume 4 : Nepal Health Infrastructure Development Standards 2017 (Unofficial English Translation)